म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १९२ बुधबार १० फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 22 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मोटरसाईकल चोरी गर्ने दुई जना पक्राउ

हेटौंडा, ९ फागुन/ मकवानपुर प्रहरीले मोटरसाईकल चोरी गर्ने दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले गत भदौ ३ गते हेटौंडा-७ बाट र फागुन ४ गते फापरबारीबाट हराएको मोटरसाईकलसहित दुई जनालाई पक्राउ गरेको हो । हेटौंडा उपमहानगरपालिका वडा नम्वर ७ र बागमती गाउँपालिका वडा नम्वर ८ बाट चोरी भएको मोटरसाइकलसहित दुई जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीले सर्लाहीको बागमती नगरपालिका वडा नम्वर १ डाँडाबासबाट सिन्धुलीको हरिहरपुर गाउँपालिका वडा नम्वर ६ का आइतसिंह गोले र सर्लाहीको बागमती गाउँपालिका वडा नम्वर १ का रोशन घिसिङलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकहादुर कार्कीले जानकारी दिए । प्रहरीका अनुसार, उनीहरुले ना. २५ प ९२४५ नं. को १५० सीसीको र ना. ३८ प ७९७४ नम्बर पल्सर मोटरसाईकल चोरी गरेका थिए । पक्राउ परेका उनीहरुमाथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको जनाइएको छ ।

### हेटौंडा अस्पतालको नवनिर्मित भवन उद्घाटन

# सर्वसुलभ र गुणस्तरीय सेवा दिन राष्ट्रपतिको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ राष्ट्रपति विद्यादेवी भण्डारीले मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालले दिने सेवा सर्वसुलभ र गुणस्तरिय हुनुपर्ने बताएकी छन् ।

मंगलबार हेटौंडा अस्पतालको नवनिर्मित भवनको उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले यस्तो बताएकी हुन् । भण्डारीले स्वदेशमा नै गुणस्तरीय स्वास्थ्य सेवा र सर्वसुलभ ढंगले प्रतिष्ठानले सेवा दिनेमा विश्वास व्यक्त गरिन् । जननेता मदन भण्डारीको नामबाट स्थापित अस्पतालले स्वास्थ्य उपचारमा राम्रो काम गरेको उनले बताइन् । जनस्वास्थ्यलाई प्राथमिकतामा राख्दै घरदैलो स्वास्थ्य सेवा सुचारु गर्नुपर्ने पनि भण्डारीले बताइन् ।

उनले स्वस्थ नागरिकबाट मात्रै स्वस्थ मुलुक निर्माण हुनसक्ने भन्दै आयुर्वेद र वैकल्पिक चिकित्सासँगै स्वास्थ्य बिमालाई पनि प्रभावकारिरुपमा अगाडि बढाउनुपर्ने बताइन् । भण्डारीले संघीयताको अवधारणअनुसार सबै प्रदेशमा सुविधासम्पन्न अस्पताल हुनुपर्ने बताइन् । जनस्वास्थ्य कार्यक्रमलाई जनताको घरदैलोसम्म पुर्‍याउन राष्ट्रपति भण्डारीको आग्रह थियो । पछिल्लो समय सर्ने तथा नसर्ने रोगहरु फैलँदै गएको विषयमा राष्ट्रपति भण्डारीले चिन्ता व्यक्त गरिन् ।

आधुनिक समयमा बिस्तारहुँदै गएको उपभोक्तावाद, मानिसको बदलिँदो जीवनशैली तथा तीव्र वातावरण असन्तुलनका कारण सर्ने तथा नसर्ने रोगको प्रकोप फैलिँदै जानु चिन्ताको विषय भएको राष्ट्रपति भण्डारीले बताइन् । उनले विभिन्न समयमा अचानक देखापर्ने



कोभिड-१९ जस्ता नयाँ रोगका साथै डेंगु र हैजा जस्ता महामारीको सामना गर्न सक्षम हुनेगरी सार्वजनिक स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन तीनै तहका सरकारले उचित ध्यान दिनुपर्नेमा जोड दिइन् ।

'जनताको स्वास्थ्यका निम्ति आधारभूत एवम् विशेषज्ञ सेवा र सुविधाहरु सहजै उपलब्ध गराउन सकिनेगरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान एवम् हेटौंडा अस्पतालको भवन निर्माण सम्पन्न हुनु खुशि र सन्तोषको विषय हो ।' राष्ट्रपति भण्डारीले भनिन्- 'नेपालको संविधानमा नागरिकका लागि सुनिश्चित गरिएका स्वास्थ्यसम्बन्धी हक प्राप्तिमा प्रतिष्ठानले सघाउ पुर्‍याउनेमा विश्वस्थ छु ।' संविधानले व्यवस्था गरेको नागरिकको मौलिक हकअन्तर्गत् गुणस्तरीय स्वास्थ्य सेवाको प्राप्तिमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले सघाउ पुर्‍याउने विश्वास व्यक्त गर्दै उनले रोग नलाग्नुमात्र स्वास्थ्य नभएको बताइन् ।

जनस्वास्थ्य कार्यक्रमलाई योजनाबद्ध ढंगले नागरिकको घर दैलोमा पुर्‍याउन आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई स्थापित गर्न र स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न प्रतिष्ठानको ठूलो भूमिका रहने बताइन् । स्वास्थ्य सेवासँगै अनुसन्धानको क्षेत्रमा नविन कार्य गर्न सकेको खण्डमा जननेता मदन भण्डारीको नाममा स्थापित प्रतिष्ठानको उद्देश्यले सार्थकता पाउने उनको भनाइ छ ।

भवन उद्घाटनपश्चात् राष्ट्रपति भण्डारीले अस्पतालको निरीक्षणसमेत गरेकी थिइन् । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेल, पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए । प्रतिष्ठानका उपकुलपति डाक्टर विश्वराज जोशीको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश प्रमुख यादवचन्द्र शर्मा, प्रदेशका मन्त्रीहरु, सांसद्हरु, प्रदेशका सचिवहरु, कर्मचारीहरु लगायतको आतिथ्यता थियो ।

पुरानो भवनमा साघुरो रुपमा बिरामीको उपचार गर्दै आएको अस्पतालमा नयाँ भवनबाट जनशक्ति समेत थप गरेर उपचार सेवालाई प्रभावकारीरुपमा अगाडि बढाइएको छ । पहिले रिफर अस्पतालको रुपमा परिचित हेटौंडा अस्पतालमा पछिल्लो समय धेरै प्रकारको रोगको बिरामीको उपचारसँगै जटिल प्रकृतिका नियमितरुपमा अप्रेसन गरिँदै आएको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत्को ७० शैयाको नयाँ भवनको ३५ करोडको लागतमा निर्माण सम्पन्न भएको हो ।

भवनको उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले हेटौंडा अस्पतालको विकासले नागरिकलाई स्वास्थ्य सेवामा गुणस्तरीय सेवा दिन सहयोग गर्ने विश्वास व्यक्त गरिन् । नयाँ भवनमा ७० शैया सञ्चालन भएसँगै अब हेटौंडा अस्पतालमा दुई सय शैया नियमित सञ्चालन हुने भएको छ ।

अस्पतालको नयाँ भवन निर्माणसँगै अस्पतालको इमर्जेन्सी शैया संख्या ८ बाट २४ वटामा बृद्धि भएको छ । अस्पतालमा हाल ५७ जना चिकित्सकहरु कार्यरत् रहेकोमा ३८ जना विषेशज्ञ डाक्टरहरू छन् । अस्पतालमा मेडिकल अधिकृत १९ जना रहेका छन् भने नर्सिङ अधिकृत ५ जना, स्टाफ नर्स ३८ जनासमेत गरेर दुई सय जना स्वास्थ्यकर्मी अस्पतालमा कार्यरत् रहेको प्रतिष्ठानले जनाएको छ । हाल अस्पतालमा १७ बेडको आईसीयू, २० बेडको एचडीयू क्षमता र ६ बेडको डायलासिस सेवा सञ्चालनमा रहेको छ ।

# हेटौंडामा एक वर्षपछि भिड्दै मनाङ र हिमालयन शेर्पा

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ हेटौंडामा जारी पाँचौं स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको फाइनल खेल आज बुधबार हुँदैछ ।

हेटौंडा-५, स्थित पिप्ले क्याम्पा रंगशालामा ए डिभिजन लिगको सर्वाधिक सफल क्लब मनाङ मर्स्याङ्दी क्लबसँग मकवानपुर गोल्डकपको उपाधिका लागि ए डिभिजन क्लब हिमालय शेर्पाले संघर्ष गर्दैछ । मकवानपुर गोल्डकपको पाँचौ संस्करणसम्म आइपुग्दा मनाङ र हिमालय शेर्पा दुबै पहिलोपटक फाइनल पुगेका हुन् ।

२०६४ सालमा दोस्रो जनआन्दोलन सहिद स्मृति गोल्डकपका रुपमा आयोजित प्रतियोगिता थ्रीस्टारले जितेको थियो । प्रतियोगिताको दोस्रो संस्करण २०७५ सालमा जिल्ला फुटबल संघले गरेकोमा आयोजक मकवानपुर विजयी बनेको थियो । त्यसपछिका दुई गोल्डकप उपाधि विभागी टोली त्रिभुवन आर्मीले जितेको छ ।

डिफेन्डिङ च्याम्पियन आर्मी क्वाटरफाइनलबाटै बाहिरि एसँगै मकवानपुर गोल्डकपले नयाँ बिजेता पाउँदैछ । मनाङ वा हिमालयनको नाममा नयाँ इतिहास बन्ने भएको हो । रंगशालामा मंगलबार भएको पत्रकार सम्मेलनमा मनाङ र हिमालयन दुबैले उपाधि जित्ने दाबी गरे ।

हिमालयन शेर्पाका प्रशिक्षक सुमन श्रेष्ठले उपाधि जित्ने लक्ष्यसाथ मैदानमा उत्रिने बताए । हिमालयनका केही खेलाडी घाइते भएपनि फाइनल खेल्न समक्ष रहेको श्रेष्ठको भनाइ छ । हिमालयनका कप्तान विश्वास श्रेष्ठ नै घाइते छन् । उनको सेमिफाइनल खेलमा एपीएफसँग खेल्दा लडेर हातमा चोट लागेको छ । घाइते भएपनि फाइनल खेल्न सकिने कप्तान श्रेष्ठ बताउँछन् ।

राष्ट्रिय टिमका गोलरक्षकसमेत रहेका मनाङका कप्तान दीप कार्कीले उपाधि जित्न सक्षम भएको बताए । उनले मनाङसँग युवा खेलाडीहरु धेरै रहेको बताए । 'विगतका खेलाडीभन्दा यसपालि मनाङसँग धेरै युवा खेलाडीहरु छन् । मनाङले भविष्यलाई सोचेर युवाहरु ल्याएको हो', कार्कीले भने । मनाङसँग बार्सिलोनाका पूर्वडिफेन्डर सन् २०१४-०१५ मा बार्सिलोनाको सिनियर टोलीबाट खेलेका सेनेगलका दिवान्दु डियाग्ने नियाङ उज्वेकिस्तानका खेलाडी सिडजामोल डेबुलेशन जस्ता अनुभवी खेलाडी छन् ।

हिमालय शेर्पाले क्यामरुनी टोली एभिनियर एफसीलाई १-० गोल अन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको थियो । हिमालयन सोमबार भएको दोस्रो सेमिफाइनल खेलमा सुनिल श्रेष्ठको निर्णायक गोलबाट विजयी बनेको थियो ।

हिमालयनसँग पनि माउसालगायत नेपालमा यसअघि विभिन्न प्रतियोगिता खेलिसकेका दुई अफ्रिकन खेलाडी छ । बलियो टिम एभिनियरलाई हराएको हिमायलनले मनाङलाई कमजोर प्रतिस्पर्धी भने नमानेको प्रशिक्षक श्रेष्ठले बताए । मनाङसँग राम्रो टिम रहेको उनको भनाइ छ ।

नेपाली फुटबलमा मनाङ र हिमालयन शेर्पाको प्रतिस्पर्धा भने रोमाञ्चक छ । मनाङ र हिमालयन शेर्पा करिब १ वर्षपछि भेट्दै छन् । विगतका प्रतिस्पर्धालाई हेर्दा हिमालयन शेर्पाको स्थापना र उसले माथिल्लो डिभिजनमा खेल्न थालेदेखि मनाङ मर्स्याङ्दीको बलियो प्रतिद्वन्द्वी भएर अगाडि आएको छ । सहिद स्मारक लिग ए डिभिजन ०७८ मा यिनै दुई टिम भिडेका थिए । जसमा मनाङले जितेको थियो । फागुन २०७८ मै मनाङ मर्स्याङ्दी क्लब सुदूरपश्चिम खप्तड गोल्ड कपको फाइनलमा हिमालयन शेर्पालाई हराएर पुगेको थियो । हिमालयन शेर्पाले वर्ष ०६८ देखि ए डिभिजनमा खेल्न थालेको थियो ।

हालसम्म मनाङ र हिमालयनबीच एडिभिजन लिगमा कूल ६ भेट भएकोमा मनाङले धेरै जितेको छ । यी ६ खेलमा मनाङ चारपटक बिजेता रहेको छ भने एकपटक हिमालयन शेर्पाले जीत निकालेको थियो । २०६८ मा लिग खेलेपछिको पहिलो भेटमै हिमालयन शेर्पा मनाङसँग १-२ ले पराजित बनेको थियो । मनाङ वर्ष २०६९ मा १-० गोलले विजयी बन्यो । २०७५ मा मनाङ २-१ ले विजयी रह्यो । वर्ष ०७० मा भने हिमालयन शेर्पाले मनाङलाई २-१ ले हराएको थियो । २०७६ मा हिमालयनले मनाङलाई गोलरहित बराबरीमा रोकेको थियो ।

जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको प्रतियोगितामा विजेता हुने टोलीले १५ लाख रुपैयाँसहित ट्रफी पाउनेछन् भने उपविजेताले १० लाख रुपैयाँसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले रोयल इन्फिल्ड (बुलेट) मोटर साइकल पाउने छन् ।

## हेटौंडामा खुल्यो आधुनिक सुनचाँदी पसल

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ हेटौडा उपमहानगरपालिकामा 'सुनमा शुद्धता डिजाईनमा आधुनिकता' भन्ने नारासहित नयाँ सुनचाँदी पसल सञ्चालनमा आएको छ ।

आधुनिक सुन चाँदी पसल मंगलबारदेखि सुभारम्भ भएको हो । हेटौंडा-२ पुरानो मकवानपुर रोडमा रहेको आधुनिक सुनचाँदी पसलमा दक्ष कालिगढबाट आधुनिक डिजाइनका गरगहना बनाइने र तयारी गरगहना पनि बिक्री वितरण हुने पसलका प्रोपाइटर राजु सेन्चुरीले बताएका छन् ।

सुन चाँदीको मूल्य बढेर गरगहन लगाउन समस्या परेका बेला सुपथ मूल्यमा आकर्षक डिजाइनका गरगहना बनाइने उनको भनाइ छ । सञ्चालक सेन्चुरीका अनुसार आधुनिक सुनचाँदी पसलले पुराना गरगहनाबाट नयाँ डिजाइनका गरगहना पनि तयार पार्ने गर्दछ ।

## घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८२७२५९८०६






साझाकुरा

हाम्रो कुरा

# मानव अधिकार उल्लङ्घन नघट्नु बिडम्बना

बागमती प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटना वर्षेनि बढ्दै गएको तथ्याङ्कले देखाएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले एक वर्षको तथ्याङ्क सार्वजनिक गर्दा गतवर्षभन्दा यसवर्ष मानव अधिकार उल्लङ्घनका घटनामा बढोत्तरी भएको देखिएको हो । इन्सेकका अनुसार राज्यपक्ष र गैरराज्यपक्ष दुबैबाट मानव अधिकार उल्लङ्घन भएको छ । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्था लागू भइरहँदा यसबाट जनताले लोकतन्त्रको सुन्दर पक्षलाई अझै अंगाल्न नसकेको भान हुन थालेको छ । लोकतान्त्रिक राज्य व्यवस्थामा सबै नागरिकले स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने, जनताको भावना अनुसार राज्यपक्षले व्यवहार गर्नुपर्ने हुन्छ । तर, लोकतान्त्रिक व्यवस्थामा पनि मानवको अधिकार उल्लङ्घन हुन्छ भने लोकतन्त्रको वास्तविक अनुभूति जनताले गर्न नपाएको भान हुन्छ ।

सन् २०२१ मा एक हजार एकसय ८३ जना पीडित भएकोमा सन् २०२२ मा त्यो संख्या बढेर एक हजार चारसय २५ पुगेको इन्सेकको तथ्याङ्कमा उल्लेख छ । इन्सेकले राज्य र गैरराज्यतर्फबाट भएको मानव अधिकार उल्लङ्घनको घटना बढ्दो अवस्थामा रहेको स्पष्ट पारेको छ । सन् २०२२ मा मानव अधिकार उल्लङ्घनका घटनामा राज्य पक्षबाट ३४ महिला र तीनसय ४१ पुरुष गरी जम्मा तीनसय ७५ जना तथा ज्यादतीका घटनामा अन्य पक्षबाट आठसय ७७ जना महिला एकसय ७२ जना पुरुष र एक जना यौनिक अल्पसंख्यकसहित जम्मा एक हजार ५० जना पीडित भएको इन्सेकको तथ्याङ्क छ । यसबीचमा कारागारमा रहेका चार जना महिला र ४१ जना पुरुष गरी ४५ जनाको स्वास्थ्यलगायत विभिन्न कारणले मृत्यु भएको जनाइएको छ । कुटपिटका घटनामा चार जना, गिरफ्तारीका घटनामा ३८ जना, यातनाका घटनामा चार जना र अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकारमा ३० जना महिला र दुईसय ४५ जना पुरुष पीडित भएका छन् ।

मानव अधिकार उल्लङ्घनका घटना बढ्नुले यसको नियन्त्रणमा सरकार गम्भीर नभएको स्पष्ट हुन्छ । मानव अधिकार उल्लङ्घनका घटनामा कमि ल्याउन सरकारले कारबाही संयन्त्रलाई सक्रिय बनाउनु अपरिहार्य छ । मानव अधिकार उल्लङ्घनका घटना बढ्दा अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि पक्कै बिग्रिएको छ । यसलाई सुधार गर्न आगामी दिनको मानव अधिकार उल्लङ्घनका घटनामा कमि ल्याउन विशेष सक्रियता देखाउनै पर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मक्वानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन ११ गते बिहीबार २३ फेब्रुअरी २०२३ । तृतीया फाल्गुण शुक्लपक्ष । चिल्लाध्व ११४३ ने.सं. । सूर्योदय ६:३७, सूर्यास्त ५:५९।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अधुरा काम पूरा हुने | **तुला** | : अनावश्यक खर्च बढ्ने |
| **वृष** | : घरेलु समस्याले सताउने | **वृश्चिक** | : भोजको अवसर मिल्ने |
| **मिथुन** | : कुरा काट्नेहरु सक्रिय हुने | **धनु** | : स्वास्थ्य बिग्रन सक्ने |
| **कर्कट** | : नयाृ काम हात पर्ने | **मकर** | : रमाइलोगरि समय बित्ने |
| **सिंह** | : कार्यान्तरण हुन सक्ने | **कुम्भ** | : राजनीतिमा प्रगति हुने |
| **कन्या** | : शुभ समाचार सुन्न पाइने | **मीन** | : शारीरिक परिश्रम गर्नुपर्ने |

# सामुदायिक विद्यालयमा सिकाई वातावरण खोजौं



राजुप्रसाद गौतम

उखानले भन्छ-'जग बलियो भए घर पनि बलियो हुन्छ ।' यो उखानको सामान्यीकरण हरेक क्षेत्रमा गर्न सकिन्छ । जमिन राम्रो भएबाली सप्रन्छ भनेझैं । सामान्य आर्थिक स्रोत हुनेले थप आर्थिक उन्नति गर्न सक्छ भनेझैं । नेतृत्वको बलियो आधार सामाजिक सम्बन्ध हुनसक्छ । लेखन सीप राम्रो हुने पत्रकार र लेखक बन्न सक्छ । स्वर मीठो भएको व्यक्ति गायक बन्न सक्छ । आदि आदि । जसरी भने पनिसारमा कुरा यही हो । आधार बलियो भयो भने त्योभन्दा माथि अभ्यास र तालिम मिल्दा सबै बलियो हुन्छ । राम्रो हुन्छ ।

माथिको उखानलाई सिकाइसँग जोड्ने हो भने अक्षरको राम्रो ज्ञानले शब्द बनाउने आधार दिन्छ । शब्दभण्डार राम्रो भए वाक्य निर्माणमा बल पुग्छ । राम्रो शाब्दिक ज्ञानले वाक्य संरचना हुँदै अनुच्छेद लेखन राम्रो हुन्छ । तर्क शक्ति र चिन्तन शक्ति अक्षरको राम्रो ज्ञानबाट प्राप्त हुन्छ । यस अर्थमा भाषाको विकासको लागि बलियो आधार भनेको अक्षरको सिकाइ राम्रो हुनु हो । विद्वानहरू भाषालाई त सिकाइको जननी पनि भन्ने गर्दछन् । त्यस्तै जोड, घटाउ, गुणन र भागको सिकाइको लागि अङ्क र संख्याको ज्ञान राम्रो हुनु जरुरी छ । जोड, घटाउ, गुणन र भागको आधारभूत क्रियाको सिकाइले सरलीकरणलाई सामान्य बनाइदिन्छ । संख्या, भिन्न, दशमलव, नाप, वीजगणितीय पदहरू, ज्यामितीय आधारभूत मान्यता, तथ्य र सिद्धान्तको अवधारणात्मक सिकाइले गणितका जटिल समस्या समाधानमा बलियो आधार प्रदान गर्दछ ।

यसरी मूर्तामूर्त अङ्क पदहरूको राम्रो ज्ञानले गणितसँग खेल्न सक्ने सीपको विकास गर्ने आधार दिन्छ । उदाहरण नै हेरौं न, कक्षा १० को मस (HCF) र लस(LCM) को सिकाइका लागि खण्डीकरणको ज्ञान हुनु आवश्यक छ । खण्डीकरणका लागि विजगणितीय पदहरूकाआधार भूत क्रियाहरू (जोड, घटाउ, गुणन र भाग) को अवधारणात्मक ज्ञान हुनै पर्छ । फेरि अङ्क गणितलाई नमिसाई बिजगणित चल्दैन। अङ्कगणितको मस र लस को अवधारणा राम्रो भएको विद्यार्थीले मात्र कक्षा दशको विजगणिको मस र लस बुझ्न सक्छ । अङ्कगणितको मस र लस सिक्न फेरि संख्याहरूको खण्डीकरण आवश्यक पर्छ । खण्डीकरणका लागि गुणनको ज्ञान नभई हुन्न । गुणनका लागि जोडको कन्सेप्ट हुनु पर्छ । आखिरमा उही अङ्क र संख्यासँग नै नखेली नहुने रहेछ त । अङ्क र संख्या सिक्ने भनेकोत कक्षा १ देखि नै हो नि ? पाठ्यक्रमले त त्यही भन्छ । त्यस्तै गणितका शाब्दिक समस्याहरूको बुझाइमा समस्या नै छ । यसो हुनुमा भाषाको सिकाइ कारक छ । शाब्दिक समस्यालाई गणितीय भाषामा परिवर्तन गर्न त पहिला समस्या बुझ्नु पर्छ । वाक्य संरचना बुझ्नुपर्यो । शाब्दिक ज्ञान हुनु पर्छ । यसरी हेर्दा त अङ्क र अक्षरका क्रियाबाट हुने बलियो सिकाइले नै माथिल्लो सिकाइलाई प्रभाव पार्दोरहेछ । आखिर विद्यार्थीले आफ्नो अनुभव, व्यवहारजन्य अवस्था र भोगाइबाट सिकेका ज्ञान तथा सीपको अभिव्यक्त गर्दा समेत अङ्क रअक्षरको राम्रो ज्ञान हुनु जरुरी हुन्छ । हुँदैन र ?

**विषय सन्दर्भ :** यस आलेखमा विद्यालयको सिकाइलाई जोड्न खोजिएको हो । दस कक्षा तथा माध्यमिक तह उत्तीर्ण मानिएका अधिकाङ्श विद्यार्थीहरूले दुई अङ्कका संख्याको जोड, घटाउ, गुणन र भाग गर्दा क्यालकुलेटरको प्रयोग गर्नु, घरायसी सामान्य हरहिसाब गर्न नसक्नु, कसैलाई सम्बोधन गरी सामान्य निवेदन समेत लेख्न नसक्नु, नापको प्रयोग राम्रोसँग गर्न नजान्नु, सामान्य अंग्रेजीमा बोल्न नसक्नु आदि अहिले देखिएका वास्तविक व्यावहारिक समस्या हुन् । यी त भए तह पार गरेपछिका समस्या । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई कुनै विषयमा एक अनुच्छेद नेहरी लेख भन्यो भने नसक्ने अवस्था छ । लेखे पनि बेढङ्गसित लेखिदिन्छन् । गणितका आधारभूत तथ्य, धारणा र क्रियाहरूको ज्ञानमा कमी हुँदा गणित विषय शिक्षण गर्न्नै कठिन छ । वास्तवमा यो विद्यालयीय शिक्षाको डरलाग्दो रूप हो । यसका कारण के हुन् ? समस्या कहाँनेर छ ? समाधान कसरी सम्भव छ ? आदि इत्यादि प्रश्नको उत्तर यस आलेखमा खोजिएको छ ।

**समस्याको चुरो :** हामी भुईं नहेरी आकाशतिर हेर्दै हावामा दौडने कोसिस गर्यौं । हामी भन्नाले शिक्षकहरू । अभिभावकहरू । प्रअहरू, अनुगमनकर्ताहरू, नियामक निकायहरू, स्थानीय सरकारहरू, सम्बन्धित सबैसबै । सम्बन्धित कक्षाका शिक्षकहरूले कक्षा गएपछि जेसुकै गर्छन् ।' भनेर राम्रो सिकाइ सहजीकरणमा अल्छी गर्यौं । माथिल्ला कक्षामा अध्यापन गर्नेले तल्लो तहकाले केही सिकाएनन् भनेर उनीहरूलाई दोषी देखायौं । यस्तै आरोप प्रत्यारोपका बीच जुन कक्षामा जुन सिकाइ उपलब्धि हासिल हुनुपर्ने हो त्यो नभई फटाफट विद्यार्थी कक्षा चढिरहे ।

अभिभावकहरूले एकैचोटि कक्षा ९/१० मा ट्युसन, कोचिङ पढाइदिने सबै सिकाइ एकैचोटि हुन्छ भन्ने मानसिकता बोक्यौं । प्रअहरूले तल्ला कक्षाको सिकाइ कसरी बलियो बनाउन सकिन्छ भनेर चिन्तन गरेनौं । कुनै योजना बनाएनौं । बरू दश कक्षामा ट्युसन, कोचिङ पढाएर र विद्यार्थीलाई होस्टेल राखेर रटाउने र एसइइमा मात्र कसरी राम्रो जिपिए आउँछ भनेर साम-दाम गर्ने बुद्धि निकाल्यौं । तर पनि सकेनौं । सायद गुणस्तर भनेको त्यही होला, अङ्क त मेसो परे मात्र ल्याउने हो । खास त गुदी नै हुनुपर्छ होला अनुगमनकर्ताहरूले विद्यालयको भौतिक पाटो र विद्यार्थी संख्या मात्र खोतल्यौं । एसइइमा कुन विद्यालयले कुन विषयमा कति औसत जिपिए प्राप्त गरे भनेर तथ्याङ्कमुखी मात्र बन्यौं । सोही आधारमा शिक्षक र विद्यालयको वर्गीकरण गर्न थाल्यौं । प्रारम्भिक तहमा सिकाइ कसरी हुनुपर्ने थियो र कसरी भएको छ तुलनात्मक अध्ययन गर्ने चेष्टा गरेनौं । नियामक निकायले नियममा मात्र विद्यालय शिक्षाको कसरी जाँच्न खोज्यौं । स्थानीय सरकार, जसले विद्यालय शिक्षाको जिम्मेवारी पाएको छ, झन् गैरजिम्मेवार देखियो । सबै शिक्षकले गर्ने त हो भनेर पन्छिने काम गर्यो । शिक्षकलाई गाली मात्र गर्न तम्सियो । आठ कक्षाको उपलब्धि परीक्षालाई व्यवस्थित गर्न सकेन । न आफुले गर्यो न विद्यालयलाई जसको जति सिकाइ भएको छ त्यति मात्र उपलब्धि देखाउन नियमन गर्यो । फलस्वरूप ३ अङ्क आउनेलाई पछाडि ५ थपेर विद्यालयले पठाएको नतिजालाई आँखा चिम्लेर सहीछाप ठोकिदियो र वैधानिक बनाइदियो । अनि त एसइइ र कक्षा १२ को परीक्षाको नतिजा आउँदा विद्यालयहरूको हविगत देखियो । कक्षा एकदेखि सातसम्म कसरी सिकाइ भइरहेको छ भनेर स्थानीय सरकारले पनि सुक्ष्म अध्ययन गरेन । अर्थात् थाहा पाएर पनि नपाए जस्तो गर्यो ? तल्ला कक्षाको सिकाइलाई बलियो बनाउन कुनै योजना ल्याएन । शिक्षक व्यवस्थापनमा ध्यान दिएन । आधारभूत तहमा अध्यापनरत शिक्षकहरूको पेसागत विकासमा वास्ता गरेन । ठूला ठूला भौतिक पूर्वाधारमा मात्र ध्यान दियो । शिक्षा मन्त्रालय र मानव स्रोत विकास केन्द्रले के भन्छन्, के दिन्छन् भनेर माथि मात्रै हेरिरह्यो । आधारभूत शिक्षाको सुधारमा परिवर्तनको सङ्केत देखाएन । अनि एसइइको नतिजा आउँदा दश कक्षा अध्यापन गर्ने शिक्षकहरूलाई मात्र दोषी देखिरह्यो । यसरी हेर्दा विद्यालय तहको आधारभूत सिकाइ सधैँभरि उपेक्षामा रह्यो र त्यसको दीर्घकालीन असर माथिल्ला कक्षाहरूमा पर्न गयो ।

**उपाय के त ?**

चाहे त आफ्नो भागको काम शिक्षकले गर्न सक्छन् । आफ्नो भागको काम गरिदिए पनि सिकाइमा धेरै सुधार हुन्छ । नजाने सिक्ने अनिसिकाउने । सूचना छन् । प्रविधि छ । जानकारहरू छन् । विद्यालयमै छन् । गाउँ समाजमै छन् । वरिपरि नै छन् । किन सकिन्न ? जान्नेलाई सोधे सानो भइएला र ? सिकाइ त जीवनपर्यन्त हुन्छ नि । अल्छीपनले गाँज्यो ? इच्छाशक्ति त हुनैपर्छ नि । शिक्षकको इच्छाशक्ति मार्ने तत्वहरूको कमी त छैन । तैपनि गर्नुपर्यो । माथिकाले जे गरे नि गर्छन् भन्नु भएन त्यत्ति हो । प्रअले चाहे अझ धेरै गर्न सक्छन् । कसरी ? आधारभूत कक्षाको सिकाइ क्रियाकलापमाथि प्रत्यक्ष निगरानी गरेर । आधारभूत सिकाइमा टेवा पुग्ने शैक्षणिक योजना बनाएर । शिक्षकहरूलाई प्रोत्साहन गरेर । कुशल प्रशासकीय भूमिका निभाएर । शिक्षक शिक्षक बीच समन्वय अनि आपसी सद्भावको वातावरण बनाइ दिएर । विव्यसले गर्न सक्छ– प्रअको योजना र राम्रो कामलाई साथ दिएर । अल्छी प्रअलाई नियन्त्रण गरेर । कुशल व्यवस्थापकीय भूमिका निभाएर । अभिभावकहरूले पनि गर्न सक्छन्– आफ्ना छोराछोरीले कति अङ्क वा जिपिए ल्याए भनेर होइन किकति सिके भन्नेतिर ध्यान दिएर । विद्यालयका विषय शिक्षकसँग समन्वय गरेर । उनीहरूलाई झक्झक्याएर । आफ्ना नानीबाबुलाई अनुशासन र संस्कारको पाठ सिकाएर ।

अनुगमनकर्ताले गर्न सक्छन्- नियमित कक्षा कोठाको अनुगमन र सिकाइका तौर तरिकाबारे कार्यशाला तथा गोष्ठी गरेर । शिक्षक र प्रअलाई पृष्ठपोषण गरेर । शिक्षकको साथी बनेर । नियमनकर्ताले गर्न सक्छन्- किन पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल नगरी माथिल्लो कक्षा चढाइयो भनी प्रश्न गरेर । त्यस खालको प्रथालाई व्यवहारमै हटाउन पहल गरेर । माथिका यी काम कसैले गरेनन् भने कसले गर्ने त ? कसरी गर्ने ? तर विश्वास गर्ने ठाउँ छ, आधार छ । विश्वास गर्ने भनेको स्थानीय सरकारलाई नै हो । किनकी स्थानीय सरकार भनेको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्राप्त निकाय हो । स्थानीय तहको माध्यमिक शिक्षाको व्यवस्थापकीय अधिकारको केन्द्र हो । आफ्नो अधिकार प्रयोग गरेर स्थानीय तहले नै माथिका सबै कुराको व्यवस्थापन गरी अरू पनिधेरैकाम गर्न सक्छन् । जस्तै :-

(क) विषय प्रवेशमै भनियो, विद्यालयको भाषा र सिकाइ कमजोर रह्यो । भाषा र गणितको कमजोर सिकाइका कारण तहगत गुणस्तर देखिएन । यसको कारण अरू छैन । या त प्राथमिक तहमा भाषा र गणितकै शिक्षकमै कमजोरी रह्यो, या शिक्षक व्यवस्थापनमा । त्यसैले स्थानीय सरकारले शैक्षिक सत्र शुरु हुनुभन्दा पहिले कम्तीमा एक महिना भाषा र गणितका शिक्षकहरूलाई सामग्री निर्माण र शिक्षण सिकाइका तौरतरिका, विद्यार्थी मूल्याङ्कन, सूचना प्रविधि आदि सम्बन्धमा पुनर्ताजगी तालिमको योजना बनाउन सक्छ ।

(ख) स्थानीय तहमा भाषा र गणितमा दख्खल भएका जगेडा शिक्षकहरूको व्यवस्था गरी शिक्षक अभाव भएका विद्यालयहरूमा आवधिकपूर्ति गर्न स्थानीय सरकारले सक्छ ।

(ग) बालविकास कक्षालाई स्मार्ट टिभीलगायत सिकाइ र खेलकुदका सामग्रीहरूले सुसज्जित गरिदिन सक्छ ।

(घ) बालविकास सहजकर्ताहरूको पेसागत विकास र उचित प्रोत्साहनका लागि बजेट व्यवस्थापन गरिदिन सक्छ ।

(ङ) साना कक्षाहरूलाई बालमैत्री बनाउन आवश्यक सामग्री व्यवस्थापन गरिदिन सक्छ ।

(च) विद्यालयहरूमा प्राज्ञिक व्यक्तिलाई प्रअको जिम्मेवारी दिने योजना बनाउन सक्छ । त्यस्ता प्रअलाई साना कक्षाको सिकाइ बलियो बनाउने योजना निर्माण गर्न लगाउन सक्छ । प्रअले बनाएका त्यस्ता योजनालाई कार्यान्वयनमा सहयोग गर्न आर्थिक व्यवस्था गरिदिन सक्छ ।

(छ) विद्यालयको नियमित सुपरीवेक्षण गरी कर्तव्यनिष्ट र इमान्दार शिक्षकहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम बनाउन सक्छ । खराब शिक्षकहरूलाई नसिहत दिन सक्छ ।

(ज) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू निर्माण गरी आफ्नो तहमा लागू गर्न गर्न सक्छ ।

(झ) आफ्नो स्थानीय तहको सुक्ष्म शैक्षिक योजना निर्माण गरेर आधारभूत सिकाइको क्षेत्रमा अन्य थुप्रै कामहरू स्थानीय सरकारले गर्नसक्छ ।

**५. निष्कर्ष :-**

समस्या जहाँतहीँ हुन्छन् नै । समस्यासँगै समाधानका उपाय पनि सँगसगैं आएका हुन्छन् । बस् ! खोज्नु पर्यो । चिन्तनमनन गर्नु पर्यो ।अन्तरदृष्टिपूर्ण सिकाइको चिन्तन । भिजन र मिसन भएपछि समस्याको समाधान नहुने भन्ने हुँदैन । भिजन बनाउनु पर्यो । मिसनमा लागिराख्नु पर्यो । फलामलाई तताइ राख्नुपर्यो अनि पिटिराख्नु पर्यो । तब पो चाहेको आकार बन्छ । आ-आफ्नो ठाउँमा सबैजिम्मेवार बन्नु पर्यो । चेतना नै सबै विकासको जरा हो । चेतना विद्यालयमा परिष्कृत हुन्छ । सिकाइले चेतना जगाउँछ । विद्यालयको सिकाइ नै दिगो सिकाइको जग हो । तसर्थ विद्यालयको सिकाइको सुधार र गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई तयारी बनाउनु पर्यो, विद्यालयहरू तयार हुनु पर्यो । शिक्षकहरूलाई तिखार्नु पर्यो । शिक्षकहरू तिखारिनु पर्यो । विद्यालयको सिकाइलाई कसैले उपेक्षा गर्नु भएन । यसो गर्नु भनेको मोही माग्नु ढुंग्रो लुकाउनु भने जस्तै हो । हैन भने, नाकैमुनिको फोहोर नदेखेपछि, देख्न नचाहेपछि, देखेर पनि सफा गर्ने बुद्धि नपलाएपछि दुर्गन्ध सुँघेर र रोगी भएर बस्न त सबै तयार हुनै पर्यो ।

# लोकतन्त्रको संवर्धनमा संसदीय तथा दलीय संस्कार



रामनारायण देव

लोकतन्त्रको प्रवर्धन र संरक्षणमा राजनीतिक दलहरूको भूमिका महत्वपूर्ण हुन्छ । स्वस्थ लोकतन्त्रको लागि दलहरूको क्रियाशीलता अनिवार्य हुन्छ । राजनीतिक दलविना लोकतन्त्रको कल्पना गर्न सकिँदैन । दलहरू नभएको शासन व्यवस्था निरंकुश हुन्छ । बहुदलीय संसदीय प्रणालीलाई दलहरूनै टिकाइ राखेको हुन्छ । दलहरूको क्रियाकलापमा नै बहुदलीय संसदीय व्यवस्थाको सफलता निर्भर गर्छ । दलहरूको गतिविधिमा नै लोकतन्त्र भविष्य निर्धारित हुन्छ ।

राजनीतिक दल आफ्नो विचार र सिद्धान्तमा आधारित हुन्छ र विचार र सिद्धान्तकै आधारमा जनतामा जान्छ र मत माग्छ । निर्वाचनमा जनादेश प्राप्त भए सरकार बनाउँछन् र आफ्नो दलगत विचार र सिद्धान्तको आधारमा कार्यक्रम लागु गर्छन् । संसदमा बहुमत हुने दलले सरकार बनाउन पाउँछ । यसका लागि सरकार बनाउन आवश्यक सांसदको संख्या पुग्नुपर्ने हुन्छ । दलको भूमिका सरकार बनाउनेमा मात्र सीमित भने हुँदैन । संसद्को प्रतिपक्षी दलको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण हुन्छ । सत्ता वा विपक्ष जता बसे पनि संसदीय व्यवस्थालाई गतिमान बनाउन खेल्ने भूमिका शासनलाई सहीमा बाटामा ल्याउन सहयोगी हुन्छ ।

विकसित लोकतन्त्रमा दलहरू पनि निकै खारिएको, परिपक्वरूप प्रस्तुत हुन्छन् भने अविकसित लोकतन्त्रमा दलका नेता कार्यकर्ता अनुभवहीन, अपरिपक्व र अशिक्षित हुन्छन् । तिनमा राजनीतिक संस्कारको अभाव हुन्छ । त्यसैले पर्याप्त छलफल नगरी हतारमा निर्णय गरेर कार्यान्वयनतिर बढ्छन् । अनि असफल भएर पछुतो गर्छन् । नेपालमा बहुदलीय संसदीय लोकतन्त्रको अभ्यास त्यति लामो न भए पनि करिब तीन दशकको अनुभवले त्यति सन्तोषजनक छैन । सात सालको जनक्रान्तिपछि नेपालमा राजनीतिक दल खुल्न थालेका थिए । तर, दस वर्ष नबित्दै २०१७ साल पौष १ गते राजा महेन्द्रले बहुदलीय संसदीय लोकतन्त्रको हत्या गरी निर्दलीय पंचायती व्यवस्थाका नाममा दलहरूमाथि प्रतिबन्ध लगाए ।

वि.सं २०१७ देखि २०४६ सम्म दलहरूमाथि प्रतिबन्ध लगाइएकाले देशभित्र दलगत गतिविधि बन्द नै थियो । तीस वर्षको संघर्ष र जनआन्दोलनपश्चात् २०४६ साल चैतमा बहुदलीय लोकतन्त्र पुन:स्थापित भयो । त्यसपछि मात्रै दलगत गतिविधि सुरु भयो । नयाँ दलहरू धमाधम खुल्न थाले । कति दल विभाजित भई टुक्राटुक्रा भए । विसं २०४७ सालमा बनेको संविधानले बहुदलीय व्यवस्था प्रत्याभूत गर्दै दलमाथि प्रतिबन्ध लगाउन नपाउने संवैधानिक व्यवस्था नै गरेको थियो । विगतमा राजाले दलहरूमाथि प्रतिबन्ध लगाएकाले त्यसबाट सतर्क भई संविधानमा दलहरुलाई प्रतिबन्ध लगाउन नपाउने व्यवस्था गरिएको थियो । यसले गर्दा दलहरूले स्वतन्त्ररूपमा काम गर्ने वातावरण बन्यो । त्यसपछिका तीन दशक दलीय अभ्यास गर्दा पनि नेपालका राजनीतिक दलहरू अपेक्षित मात्रा परिपक्व हुन सकेको देखिँदैन ।

प्रजातन्त्रको पुन:स्थापनापछिको पहिलो संसदीय अधिवेशन २०४८ मा नेकपा (एमाले)ले प्रतिपक्षको भूमिका जसरी पूरा गर्नुपर्ने हो त्यसो हुन सकेन । सायद, बहुदलीय संसदीय व्यवस्थामा भर्खरै प्रवेश गरेका कम्युनिस्टहरूमा अधिनायकवादी संस्कारको धङधङी बाँकी रहिरहेकाले संसद्मा स्वस्थ प्रतिपक्षको भूमिका गर्न सकेन । त्यतिबेला कर्मचारीको युनियन खोल्ने अधिकारदेखि अन्य हक हितका कुरामा संसद्मा संवाद गरी त्यसमार्फत् समाधान गर्नुपर्नेमा एमाले सडक आन्दोलनतिर लाग्यो । एमाले समर्थक कर्मचारीलाई सिधै सडकमा जान उक्साए ।

यसरी पहिलो संसद्मा एमालेले संसदीय आचरण देखाउन सकेन । उता संसद्मा बहुमत भएको नेपाली कांग्रेसले पनि संसदीय लोकतन्त्रको अभ्यासमा चुक्यो । फलस्वरूप, २०५१ मा मध्यावधि निर्वाचन भयो । निर्वाचनपछि एमालेको अल्पमतको सरकार बन्यो र कांग्रेसले पनि को मत दियो । तर, ९ महिनामा नै एमाले सरकारले संसद् विघटन गरायो । त्यसअघि नै संसद्मा सरकारमाथि अविश्वासको प्रस्ताव पेस भइसकेको थियो । अल्पमतको सरकारले संसद् विघटन गराएकोविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भयो । संसद् विघटनलाई अवैध ठहर गरी सर्वोच्च अदालतले प्रतिनिधि सभा पुन:स्थापना गरिदियो ।

सर्वोच्च अदालतको फैसलालाई लोकतान्त्रिक दलले स्वीकार गर्ने चलन विश्वव्यापी नै छ । तर, एमाले भने आफू अनुकूल फैसला नहुँदा विरोधमा सडकमा उत्रियो ।

वि.सं २०५२ सालदेखि माओवादीले हिंसात्मक विद्रोह थाल्यो । बहुदलीय संसदीय प्रजातन्त्रविरुद्ध थालेको हिंसामा कांग्रेस र एमालेका समेत धेरै नेताकार्यकर्ता माओवादीको हातबाट मारिए । दस वर्ष हिंसात्मक क्रियाकलास चलाएका माओवादी २०६३ सालमा शान्ति सम्झौतामार्फत् मूलधारको राजनीति आयो र चुनावमा भाग लिई सरकारको नेतृत्वसमेत गरिसकेको छ । अहिले पनि सरकारको नेतृत्व माओवादी अध्यक्ष पुषपकमल दाहालले गरिरहेका छन् ।

अगिल्लो संसदमा पूर्ण बहुमत हुँदाहुँदै प्रधानमन्त्री केपी शर्मा ओलीले दुई दुईपटक संसद् विघटन गरी संसदीय व्यवस्थाको मूल्यमान्यतामै प्रहार गरे । सर्वोच्च अदालतबाट संसद् विघटन असंवैधानिक ठहर भएपछि प्रतिनिधि सभा पुन:स्थापना भयो । त्यसपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भए र स्थानीय तहका साथै प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव भयो । प्रतिनिधि सभाको सबैभन्दा ठूलो दललाई बाहिरै राखी तेस्रो दल माओवादीको नेतृत्वमा गठबन्धन सरकार बन्यो ।

सामान्यत: संसद्मा सबभन्दा ठूलो दल नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्नुपर्नेमा तेस्रो दल माओवादीले एमालेसित गठबन्धन गरी सरकार बनायो । यसले पनि संसदीय मूल्य र मान्यताको उपहास भएको छ ।

संसदीय लोकतन्त्रका पक्षधर सबभन्दा पुरानो पार्टी नेपाली कांग्रेसमै पनि संसदीय संस्कार ह्रासोन्मुख देखिन थालेको छ । प्रतिनिधि सभामा सबभन्दा ठूलो दल कांग्रेसले सरकार बनाउन नसक्नुको कारण आन्तरिक कलह र गुट पनि हो । सभापति शेरबहादुर देउवाले केन्द्रीय समितिका सबै पदाधिकारीको बैठक बोलाई सर्वसम्मतिबाट निर्णय गराएर सरकार बनाउन पहल गरेको भए कांग्रेस नेतृत्वकै सरकार हुनसक्थ्यो । साथै प्रदेशहरूमा पनि कांग्रेस नेतृत्वकै सरकार हुन्थे । कांग्रेसले पनि संसदीय संस्कार गुमाउँदै जानु संसदीय लोकतन्त्रको संवर्धनमा बाधक बन्न पुगेको छ । *(स्रोत: बाह्रखरी)*

# प्रचण्डलाई रोक्न एकपछि अर्का नेतालाई ओलीको राष्ट्रपति प्रस्ताव





काठमाडौं/नयाँ राष्ट्रपति चयन गर्न १३ फागुनमा उम्मेदवारी दर्ता गर्नुपर्ने भएकाले शीर्ष नेताहरुको दौडधुप बढेको छ । राष्ट्रपति लिने निर्णय सार्वजनिक गरेरै नेपाली कांग्रेसका नेताहरु सत्ता गठबन्धन भत्काउन लागिपरेका छन् ।

त्यसका लागि माओवादी केन्द्रलाई एमालेबाट अलग गराउने उनीहरुको प्रष्ट लक्ष्य छ । जवाफमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि गठबन्धन जोगाउन राष्ट्रपतिका लागि एकपछि अर्को नेतालाई प्रस्ताव गरिरहेका छन् । एमालेका एक पदाधिकारी, गठबन्धन जोगाउन अनेक विकल्पमा प्रयत्न भइरहेको स्वीकार्छन् । 'राजनीतिक स्थिरताका लागि पनि यो गठबन्धन जोगिनुपर्छ भनेर अनेक विकल्पमा अध्यक्ष कमरेडले प्रयत्न गरिर हनुभएको छ', ती पदाधिकारी भन्छन् ।

तर राष्ट्रपतिमा सहयोग गर्ने कांग्रेसलाई बचन दिइसकेका प्रचण्डले मन नबदलेसम्म ओलीको कार्डले काम गर्ने सम्भावना न्यून रहेको नेताहरु बताउँछन् । आइतबार साँझ बालुवाटारमा भएको छलफलमा कांग्रेसलाई र ाष्ट्रपतिमा सघाउने बचन प्रचण्डले दिइसकेका स्रोतहरु बताउँछन् ।

प्रचण्डको त्यही बचनपछि नै एमालेले पनि दल बाहिरबाट एकपछि अर्का नेतालाई राष्ट्रपति प्रस्ताव गर्न थालेको हो । एमालेसम्वद्ध स्रोतका अनुसार माधव नेपाल, झलनाथ खनाल र अमिक शेरचनलाई राष्ट्रपतिमा प्रस्ताव गरिएको छ ।

माओवादी केन्द्रबाट लुम्बिनीको प्रदेश प्रमुख रहेका अमिक शेरचनलाई एमाले नेताहरुले राष्ट्रपति स्वीकार गर्न सक्ने सन्देश पठाएका थिए । लगत्तै, शेरचनले प्रधानमन्त्री प्रचण्डका साथै कांग्रेस सभापति शेरबहादुर देउवासँग कुराकानी गरेका थिए । तर देउवाले 'ढिला भयो' भन्ने जवाफ दिएपछि उनी रोकिए ।'

यो बीचमा नेपाल समाजवादी पार्टी (नेसपा) का अध्यक्ष डा. बाबुराम भट्टराईलाई राष्ट्रपति बनाएर अहिलेको सत्ता गठबन्धन जोगाउनुपर्ने भन्दै नेताहरुले लबिइङ थालेका थिए । नेसपा सहअध्यक्ष एवं बाग्मती प्रदेशका आन्तरिक मामिलामन्त्री गंगा नारायण श्रेष्ठ लगायतले एमाले महासचिव शंकर पोखरेल लगायतका नेताहरुलाई भेटेका थिए । स्रोतका अनुसार एमाले नेताहरुले भट्टराईलाई स्वीकार गर्छौं पनि भनेनन्, अस्वीकार पनि गरेनन् ।

यस बीचमा प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष ओली र नेसपा अध्यक्ष भट्टराईबीच भेटवार्ता गराउने प्रयास पनि भएको थियो । तर त्यसले मूर्त रुप लिएन । प्रचण्डले आफूलाई अघि सार्ने सम्भावना नदेखेपछि भट्टराईले एमाले र माओवादी दुबैले स्वीकार गर्ने वामपन्थी पृष्ठभूमिका व्यक्ति खोज्न आग्रह गरेका थिए ।

त्यसक्रममा एमाले नेताहरुले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र पूर्वप्रधानमन्त्री झलनाथ खनाललाई पनि राष्ट्रपतिको प्रस्ताव राखेका छन् । अध्यक्ष नेपालसँग त ओली आफैंले सांसद किसान श्रेष्ठको निवासमा भेटवार्ता गरेका थिए । नेताहरुका अनुसार, एकीकृत समाजवादीसँग पार्टी एकता गर्ने र नेपाललाई राष्ट्रपति बनाउने ओलीको प्रस्ताव थियो । पूर्व प्रधानमन्त्री नेपालले पनि राष्ट्रपति बन्न चाहना देखाएका छन् । तर कांग्रेस र माओवादीले समर्थन गर्ने अवस्था आएमात्र अघि बढ्ने उनको सर्त छ ।

कांग्रेस र माओवादीका नेताहरु भने नेपाललाई राष्ट्रपति बनाउने पक्षमा देखिएका छैनन् । दुबै दलका नेताहरु ओलीको प्रस्तावलाई बन्न लागेको सहमति भाँड्ने प्रयासका रुपमा अर्थ्याउँछन् । माओवादीका एक पदाधिकारी भन्छन्, 'यदि माधव नेपाललाई राष्ट्रपति प्रस्ताव गरेको हो भने एमालेले औपचारिक रुपमा निर्णय गर्नुपर्‍यो । राष्ट्रिय सहमति जुटाउन बैठक बोलाउनुपर्‍यो नि !' त्यसपछि मात्र माओवादी केन्द्रले यो विषयमा बोल्ने उनले बताए ।

कांग्रेस नेताहरु पनि प्रचण्डलाई आफूहरुसँग सहमति गर्न गाह्रो होस् भनेर मात्र एमाले अध्यक्ष ओलीले नेताहरुलाई राष्ट्रपतिको प्रस्ताव राख्दै हिँडेको बताउँछन् । एक नेताका अनुसार, आइतबार साँझ प्रधानमन्त्री प्रचण्डसँग भएको छलफलमै एमाले अध्यक्ष ओलीले चालनसक्ने कदमबारे आंकलन गरिएको थियो ।

'प्रचण्डलाई ५ वर्ष प्रधानमन्त्री दिन्छु भन्छन्, माधव नेपाल र झलनाथ खनाललाई पालापालो राष्ट्रपतिको प्रस्ताव गर्छन् । भएन भने कांग्रेसलाई राष्ट्रपति दिन्छौं, दुबै दल मिलेर सरकार चलाउँ भन्न सक्छन्,' कांग्रेसका एक नेता भन्छन् । तर कसलाई राष्ट्रपति बनाउने भन्ने प्रचण्डको हातमा भएकाले ओलीको प्रस्तावको कुनै अर्थ नहुने कांग्रेस नेताहरुको बुझाइ छ ।

उनीहरुका अनुसार प्रचण्डलाई राष्ट्रपति को भन्ने जति चिन्ता छ, त्यो भन्दा धेरै सरकार सञ्चालनमा चासो छ । र, ओलीसँग बसेर सर कार सञ्चालन गर्न सकिन्न भन्ने निष्कर्षमा उनी पुगिसकेका छन् । स्रोतका अनुसार बन्द कोठामा हुने छलफलहरुमा प्रचण्डले सरकार बनेको '४८ घण्टामै ओलीसँग आजित भएँ' भनेर सुनाउने गरेका छन् ।

ओलीले संसदको पहिलो बैठकमै संविधानसभा विघटनको वकालत गरेपछि त आफ्नो राजनीतिक लाइन पनि नमिलेको प्रचण्डको भनाइ छ । 'विकल्प नभएको भए दबिएर भए पनि बस्थे होलान्, तर कांग्रेसले विकल्प दिएपछि उनी एमालेसँग नबस्ने मुडमा छन्' एक नेता भन्छन् ।

एमालेका एक पदाधिकारीले पनि राष्ट्रपतिको विषय प्रधानमन्त्री प्रचण्डका लागि बाहना मात्र भएको बताउँछन् । राष्ट्रिय-अन्तराष्ट्रिय शक्ति केन्द्रको दबावमा रहेको र प्रचण्डले कांग्रेससँग सहकार्य नै 'कम्फर्टेबल' मानेको उनको बुझाइ छ ।

**माधव नेपालको इन्ट्रीले हलचल**

माधव नेपाललाई राष्ट्रपति बन्न ओलीले राखेको प्रस्तावले पनि आइतबार बालुवाटारमा जुटेको समझदारी नभत्किनेमा कांग्रेस र माओवादी नेताहरु ढुक्क देखिन्छन् । माधव नेपाल स्वयं पनि ओलीतिर जाने पक्षमा नभएको उनीहरुको बुझाइ छ । तर, राष्ट्रपति बनाउने ओलीको प्रस्तावले शक्ति बाँडफाँटमा नेपाललाई पनि समावेश गर्नुपर्ने परिस्थिति भने सिर्जना भएको उनीहरु बताउँछन् ।

एक नेताका अनुसार प्रचण्ड, माधव नेपाललाई छाड्न चाहन्नन् । किनकी एकीकृत समाजवादी, जनता समाजवादी पार्टीलाई साथमा राखेर समाजवादी मोर्चा बनाउने योजनामा प्रचण्ड छन् । यसका लागि उनले मिल्नेहरुसँग पार्टी एकता नै गर्ने भनेर माओवादीको नाम र चुनाव चिह्न नै फेर्ने प्रस्ताव अघि बढाएका छन् । पार्टी एकता नभए समाजवादी मोर्चा बनाउने उनको योजना छ ।

कांग्रेस नेताहरु पनि उनलाई एमालेतिर जान दिने पक्षमा छैनन् । १० सांसद भएको एकीकृत समाजवादीले एमाले (७९) सँग एकता गर्ने हो भने तत्काल संसदको सबभन्दा ठूलो दल बन्नेछ । साथै, भोलिका दिनमा एमालेसँगको चुनावी प्रतिस्पर्धा कठिन बन्नसक्ने कांग्रेस नेताहरुको बुझाइ छ । त्यसैले माधव नेपाललाई शक्ति बाँडफाँटमा समावेश गर्दै साथमा राख्ने नेताहरु बताउँछन् ।

चुनावपछि भएको छलफलहरुमा पनि २/२/१ वर्ष प्रधानमन्त्री हुने छलफल भएको थियो । यो पटक प्रचण्ड तीन वर्ष प्रधानमन्त्री हुने र बाँकी २ वर्ष कांग्रेसले सरकारका नेतृत्व गर्ने समझदारी थियो । अब माधव नेपाललाई समेत समावेश गरेर पावर शेयरिङमा नयाँ समझदारी खोज्नुपर्ने भएको नेताहरु बताउँछन् ।

माधव नेपालले पनि शक्ति बाँडफाँटमा आफ्नो दलको भूमिका हुनुपर्ने बताएका छन् । मंगलबार दाङ पुगेका उनलाई सञ्चारकर्मीहरुले राष्ट्रपतिका लागि एमालेले राखेको प्रस्तावबारे सोधेका थिए । यसबारे बोल्न हतार नगर्ने बताएका उनले भने, 'तर पावर शेयरिङमा हाम्रो पार्टीको भूमिका हुनु पर्दछ । अरुका निम्ति मात्रै हामी सधैंभरि बलिदान हुने र अरुले चाहिँ त्यसको फाइदा उठाउने हुन सक्दैन ।'

*(स्रोतः अनलाइनखबर)*

# नेपालको लोभलाग्दो लय

काठमाडौं/त्रिवि क्रिकेट मैदानमा मंगलबार स्कटल्याण्डविरुद्ध २१३ रनको लक्ष्य पछ्याउने क्रममा चौथो नम्बरमा मैदान छिरेका कप्तान रोहितकुमार पौडेल दबावमा थिए । यो अवस्था उनले २७० माथिको लक्ष्य पूरा गरेको अघिल्ला तीन खेलमा महसुस गरेका थिएनन् ।

सातौं ओभरमा दुई ओपनर (कुशल भुर्तेल-१ र आशिफ शेख-१२) आउट भइसकेपछि रोहित क्रिजमा पुग्दा नेपालको इनिङ्स स्कटिस बलरहरुको नियन्त्रणमा थियो । नेपाली ब्याटरहरुलाई रन बनाउन सकस भइरहेको थियो । रोहित आफैं पनि विकेटको परिस्थितिसँग अनुकुल हुन संघर्षरत थिए । उनले १० बल खेपेपछि मात्र रनको खाता खोलेका थिए ।

एउटा एण्डबाट रोहितले इनिङ्स बचाउन प्रयास गरिरहे । अर्को एण्डबाट लगातार विकेट झरि रह्यो । ज्ञानेन्द्र मल्ल (२१), कुशल मल्ल (१७), सन्दीप जोरा (१), दीपेन्द्र सिंह ऐरी (७), सोमपाल कामी (२) र सन्दीप लामिछाने (९) रनमा पेविलियन फर्किंदा नेपालले ३१.५ ओभरमा १३८ रन बनाएर ८ विकेट गुमाइसकेको थियो ।

नेपाललाई जितका लागि अझै ७५ रन आवश्यक थियो । दशौं नम्बरमा आए करण केसी । मंगलबार त्रिवि मैदानमा पुगेका १० हजार बढी समर्थकले जितको आशा मारिसकेका थिए । उनीहरु चार वर्षअघि आईसीसी क्रिकेट लिग डिभिजन टूमा क्यानडासँगको खेललाई सम्झँदै रोहित र करणबाट त्यही अपेक्षामा थिए ।

क्यानडाविरुद्धको खेलमा १९४ लक्ष्य पछ्याएको नेपाललाई जिताउन करण केसी र सन्दीप लामिछानेले अन्तिम विकेटका लागि ५१ रनको साझेदारी गरेका थिए । यही जित नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताको यात्रामा निर्णायक बनेको थियो ।

मंगलबार रोहित र करणलाई विकेट बचाएर खेल्नुमात्र होइन जित्नुपर्ने दबाव थियो । उनै रोहितको जिम्मेवार ब्याटिङले स्कटल्याण्डलाई दुई विकेटले हराएर आईसीसी क्रिकेट विश्वकप लिग टू अन्तर्गत नामिबियासमेत सहभागी त्रिकोणात्मक शृंखला नेपालले क्लिन स्वीप गर्‍यो । रोहितले कप्तानी पारी खेले । १०१ बलमा ७ चौका र ४ छक्कासहित ९५ रनमा अविजित रहे । करणले ३७ बलमा २ चौका र १ छक्कासहित ३१ रन बनाएर साथ दिए । यो जोडीले नवौं विकेटमा नेपालका लागि सर्वाधिक अविजित ७५ रनको साझेदारी गरे ।

'पाँचौं विकेट जाँदासम्म मैले दबाव लिएको थिइनँ । त्यसपछि पनि लगातार विकेट झर्ने क्रम नरोकिँदा डर लागेको थियो,' नायकी प्रदर्शनपछि रोहितले भने, 'करण दाई (केसी) सँग केही समय साझेदारी भएपछि हामी जित्न सक्छौं भन्ने आत्मविश्वास आयो ।'

२०७६ माघयता लिग टू अन्तर्गत ६ वटा शृंखलाको २४ खेलमा ८ खेलमात्र जितेको नेपालले सातौं शृंखलामा चारमध्ये चार जितको बेजोड लय देखाएको छ ।

बारम्बार प्रशिक्षक परिवर्तन, टिमभित्रैको खटपट र प्रमुख खेलाडी सन्दीप लामिछानेमाथिको नाबालिग बलात्कार आरोपबाट नेपाल क्रिकेटको प्रदर्शन ओरालो यात्रामा थियो । साउनमा स्कटल्याण्ड र मंसिरमा नामिबिया भ्रमणका क्रममा नेपालले जित्न बिर्सेको भान हुन थालेको थियो ।

चार वर्षअघिसम्म नेपालले एशोसिएट राष्ट्रमा एक सानदार अण्डरडगको उपमा पाउने गरेको थियो । नेपाल क्रिकेटमा 'पारस खड्का युग' समाप्तीपछिको संक्रमणकालीन समय यो शृंखलाबाट अन्त्य भएको आभास मिलेको छ ।

अग्रभागबाट नेपाल टिमको नेतृत्व लिएको तीन महिनामा रोहितकुमार पौडेलले पारसलाई 'बिर्साउने' इनिङ्स खेलेका छन् । पूर्वकप्तान पारस खड्काले युएईविरुद्ध पहिलो एकदिवशीय अन्तर्राष्ट्रिय जितमा शतकीय प्रदर्शनदेखि नेपालका लागि धेरै जितहरुमा यस्तै निर्णायक प्रदर्शन गरेका थिए ।

यो शृंखला प्रमुख प्रशिक्षक मोन्टी देशाईका लागि पहिलो थियो । २०७६ माघमा लिग टूको पहिलो शृंखला खेलेयता नेपाल टिमको प्रशिक्षक हुने मोन्टी पाँचौं व्यक्ति हुन् । औपचारिक नियुक्ति पाउनु १० दिनअघि माघ १४ गतेदेखि नेपाल टिमको प्रशिक्षण थालेका मोन्टीको 'ह्याप्पी ड्रेसिङ रुम' अभियानले पहिलो दिनदेखि नै सकारात्मक नतिजा दिन थालेको थियो । जब नेपालले नामिबियाविरुद्ध एकदिवशीय अन्तर्राष्ट्रियमा अहिलेसम्मकै सर्वाधिक २८६ रनको लक्ष्य पूरा गरी सानदार जित निकालेको थियो ।

यो शृंखलाको चार खेलमा चार जितमा नेपालको ब्याटिङमा उल्लेख्य सुधार देखियो । बलिङतर्फ चारै खेलमा सन्दीप लामिछानेले एकरुपको प्रदर्शन दिए । फौजदारी अभियोगपछि तीन महिना पुर्पक्षका क्रममा जेल बसेर रिहा भएलगत्तै राष्ट्रिय टिममा अवसर पाएका सन्दीपले चार खेलमा कुल १३ विकेट लिए । नामिबियाविरुद्ध पहिलो खेलमै ५ विकेट लिएका करण केसीले मंगलबार स्कटल्याण्डलाई हराउन ३ विकेट लिए ।

परम्परागत समस्याका रुपमा रहेको ब्याटिङमा यसपल्ट नेपालले उल्लेख्य सुधार गरेको संकेत दिएको छ । घरेलु माहोल र विकेट परिस्थितिमा देखिएको सहज प्रदर्शनलाई विदेशी भूमिमा पनि कायम राख्नु आफ्नो प्राथमिकता रहने प्रशिक्षक मोन्टीले बताइसकेका छन् ।

यसपल्ट चार खेलमा फरक फरक खेलाडीको ब्याटिङ प्रदर्शन निर्णायक बन्यो । नामिबिया विरुद्ध कुशल भुर्तेलको शतक (११५ रन) र रोहितकुमार पौडेलको अर्धशतक (७२ रन) जितको प्रमुख आधार थियो । दोस्रो खेलमा स्कटल्याण्डलाई हराउन कुशल मल्ल (८१ रन) र दीपेन्द्रसिंह ऐरी (८५ रन) को अर्धशतकीय योगदान रह्यो ।

तेस्रो खेलमा नामिबियालाई हराउन आशिफ शेख (८१ रन) र ज्ञानेन्द्र मल्ल (६५ रन) र कुशल मल्ल (६२) रनको अर्धशतकीय योगदान निर्णायक थियो । अन्तिम खेलमा मंगलबार स्कटल्याण्डविरुद्ध रोहितले जिम्मेवारी लिए । रोहित र कुशल मल्ल चार खेलमा दुई दुई अर्धशतकीय योगदान गरे ।

लिग टूका सुरुवाती २४ खेलमा नेपालले निकै कम खेलमा मात्र २ सयभन्दा माथिको लक्ष्य पूरा गरेको छ । बलिङमा नियमित प्रदर्शन रहे पनि ब्याटिङतर्फ नेपालले अहिलेसम्म एकरुपको प्रदर्शन गर्न सकेको थिएन । प्रशिक्षक देशाईले आफ्नो प्रशिक्षण करिअरकै खास जितमध्येको एकका रुपमा यो शृंखलालाई अर्थ्याए ।

*(स्रोतः अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती टिपर व्यवसायी संघको ११औं वार्षिक साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता




हेटौंडा/बागमती टिपर व्यवसायी संघ काभ्रेको एघारौं वार्षिक साधारणसभा सुन्दर नगरी पोखरामा सम्पन्न भएको छ ।साधारणसभाको उद्घाटन नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष हिरालाल श्रेष्ठले गरेका थिए ।

साधारणसभामा बोल्दै अध्यक्ष श्रेष्ठले यातायात व्यवसायीहरु संगठित हुनु पर्ने बताए । अहिले यातायात क्षेत्र विविध कानुनी जटिलताबाट गुज्रिएको र यसको समाधानका लागि महासघले निरन्तर रुपमा सरकारसंग लबिङ गर्दै आएको समेत बताए ।

अझै पनि यातायात क्षेत्रमा ढुक्क भएर लगानी गर्ने सक्ने अवस्था नभएको नबनी सकेको र राज्यले व्यवसायीहरुको लगानीको सुरक्षा गर्नुपर्ने बताए ।

बागमती टिपर व्यवसायी संघमा करिब ८ सय टिपरहरु रहेका छ । भने साधारणसभामा करिब २ सय टिपर व्यवसायीहरुको सहभागीता रहेको सघका अध्यक्ष, सुरेश खत्रीले जानकारी दिए ।

सम्पन्न साधारणसभाले टिपर व्यवसायीहरुको हक र हितका लागि सरोकार वाला निकाय सँग थप छलफल गर्ने र संघ मा आवद्ध व्यवसायीहरुको टिपर दुर्घटनामा परि अङ्गभंग भएका चालक , सहचालक घाइतेको परिवारलाई मासिक ५ हजार भत्ता समेत उपलब्ध गराउने भएको छ ।

# फ्लप फिल्मकी धनी बन्दै साम्राज्ञी



काठमाडौं/फिल्म 'ड्रिम्स'बाट सशक्त रुपमा उदाएकी अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले दोस्रो फिल्म 'ए मेरो हजुर २'बाट पनि सफलताको स्वाद चाखिन् । यी दुई फिल्मले उनलाई बलियो स्टार डम मात्र दिलाएनन्, राम्रो अभिनय गर्न सक्ने अभिनेत्रीको रुपमा पनि चिनायो । लगभग यसपछि उनले करिअर पछाडि फर्केर हेर्नु परेको छैन । उनलाई फिल्ममा लिन निर्माताहरुबीच प्रतिस्पर्धाकै अवस्था छ ।

तर, करिअरको सुरुवाती दुई फिल्मबाहेक उनले सम्झनलायक हिट फिल्म देख्न पाएकी छैनन् । तेस्रो फिल्म 'इन्टु मिन्टु लण्डनमा' न हिट न फ्लप रह्यो । यसपछि त फ्लपको श्रृंखला रोकिएको छैन । 'कायरा', 'मारुनी', 'रातो टीका निधारमा' हुँदै यस वर्ष आएका दुई फिल्म 'तिम्रो मेरो साथ' र 'ह्यारी कि प्यारी'ले पनि उनलाई साथ दिएनन् । चार वर्षमा उनका पाँच फिल्म फ्लप भैसकेका छन् ।

'ए मेरो हजुर २'को सफलतापछि लभस्टोरी फिल्ममा निर्विकल्प झैं बनेकी उनी लगातारको असफलताले निराश बनेकी छन् । ठूलो आश गरेको फिल्म 'ह्यारी कि प्यारी' समेत नचलेपछि उनले यतिखेर अफर आएका फिल्महरु काम गर्ने इच्छा नभएको भन्दै नकार्ने गरेको चर्चा छ । अब उनले संकटउन्मुख करिअरलाई बचाउनका लागि टिम र स्क्रिप्ट छनोटमा विशेष ध्यान दिन जरुरी देखिन्छ ।

उनले तत्काल नयाँ फिल्म साइन नगरे पनि पाइपलाइनमा केही फिल्म छन् । उनले लकडाउनभन्दा अगाडि हेमराज विसी, मिलन चाम्स र प्रवेश पौडेलको फिल्म साइन गरेकी थिइन् । तर, यी फिल्म बन्छन् या बन्दैनन्, अन्योल छ । एउटा हिट फिल्मको दबावमा रहेकी साम्राज्ञीले अब छनोट गर्ने फिल्मले करिअरको रुपरेखा निर्धारण गर्नेछ । यसैले उनी संयमित र गम्भीर हुन आवश्यक छ ।

# दया र मिरुनापछि 'नांगो गाउँ'मा साम्राज्ञी र कर्म भित्रिए




काठमाडौं/'छ माया छपक्कै' जस्तो सफल फिल्मका निर्देशक दीपेन्द्र लामाको निर्देशनमा बन्न लागेको फिल्म 'नांगो गाउँ'मा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह र अभिनेता कर्म शाक्यको प्रवेश भएको छ । यी दुई स्टारसँग निर्माणपक्षले सोमबार कागजी सम्झौता गरेको हो । पहिलो पटक एकसाथ काम गर्न लागेका उनीहरुले कथावस्तुदेखि टिमसम्म मन परेपछि फिल्ममा आबद्ध भएको बताएका छन् ।

यो फिल्ममा यसअघि दयाहाङ राई र मिरुना मगर फाइनल भैसकेका छन् । अब कलाकारको लाइनअप पूरा भएको जनाइएको छ । आलोक शुक्लाको छायांकन रहने फिल्ममा शिशिर वाङ्देल, रविन्द्र झा, वुद्दि तामाङ, पुष्कर गुरुङ लगायतको पनि अभिनय रहनेछ । मनिष्मा फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको 'नांगो गाउँ'को छायांकन यही फागुनको अन्तिम साताबाट सुरु हुनेछ ।

काभ्रेमा छायांकन हुने फिल्ममा हिमाल शर्माको लगानी छ । निर्देशक लामाले आफूलाई साम्राज्ञी र कर्मसँग पहिलेदेखि नै काम गर्ने रहर रहेको बताउँदै यसपटक भूमिका पनि दुवैलाई सुहाउने भएपछि सहकार्य गर्ने अवसर जुटेको बताएका छन् । दयाहाङसँग निर्देशक लामाले यसअघि 'घामपानी' र 'दुई नम्बरी' फिल्ममा सहकार्य गरेका थिए । मिरुनासँग भने उनको पहिलो सहकार्य हो ।

*(फिल्मीखबर)*

**"तपाईं, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# बालश्रम शोषण नहटेको दाबी

साझाकुरा संवाददाता



हेटौंडा, ९ फागुन/ मकवानपुरमा बालबालिकाको अधिकार कुण्ठित हुने गरी श्रम शोषण भइरहेकोतर्फ सरकारी निकायले चासो नदिएको दाबी गरिएको छ ।

कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)द्वारा हेटौंडामा आयोजना गरेको बाल संरक्षण र मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरुको सम्बन्धमा स्थानीय सञ्चारकर्मीहरु र स्थानीय सरकारबीच छलफल कार्यक्रमका सहभागीहरुले बालबालिकाको अवस्था परिवर्तनमा स्थानीय तह गम्भीर भएर नलागेको जनाइएको हो ।

बालबालिकाको संरक्षणको दायित्व बोकेका स्थानीय तहहरुले उनीहरुको अधिकार प्राप्तिको अवस्था र आधारभूत आवश्यकतामा कुनै चासो नदिएको बताइएको हो । स्थानीय तहहरुले बालबालिकाको संरक्षण र सम्बर्द्धनमा चासो देखाएको जस्तो गरेपनि नीतिगतरुपमा योजना बनाएर कार्यान्वयनमा लान नसकेको कार्यक्रमका सहभागीहरुले बताएका हुन् ।

बाल संरक्षण, मानव बेचविखन तथा ओसारपसारबिरुद्ध बनेका कानुनी प्रावधानहरु पूर्णरुपमा कार्यन्वयन नहुँदा अपेक्षित प्रगति हासिल हुन नसकेको सरोकारवालाहरुले बताएका हुन् । हेटौंडाका सवारी साधन मर्मत केन्द्र, होटल तथा रेष्टुरेन्टहरुमा बालबालिकामाथि श्रम शोषण भइरहेकोतर्फ स्थानीय तहलाई सचेत गराइएको छ ।

समस्यामा परेकाहरुको पहिचान गरेर समस्याबाट उद्दार गरेपछि व्यवस्थापन तथा दीगो जीवनको लागि पहल गर्ने निकाय नहुँदा पीडित प्रभावितहरुको अवस्थामा सुधार आउन नसकेको बताइएको हो ।

कार्यक्रममा मानव बेचविखन तथा ओसारपसारबिरुद्ध भएमा विद्यमान संघीय र स्थानीय कानूनहरु र यी मुद्दाहरुमा स्थानीयस्तरमा विद्यमान चुनौतीहरुका बारेमा छलफल गर्ने स्थानीय सञ्चार माध्यममा बाल संरक्षण र मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित समाचारको प्रवृत्ति, पीडित प्रभावितमैत्री मिडिया रिपोर्टिङ र विद्यमान चुनौतीहरुबारे छलफल गरिएको थियो ।

स्थानीय सरकारले बालबालिकाहरुलाई बालश्रमबाट उद्दार गरेर पनि व्यवस्थापनमा चासो नदिएका कारण बालबालिकाको अवस्था सुधार हुन नसकेको सहभागीहरुले बताए । बालबालिकाहरुको सवालमा रिर्पोटिङ गर्दा आमसञ्चारले गोपनीयताको ख्याल राख्दै आचार संहिताको पालना गरेपनि सामाजिक सञ्जालले गोपनीयताको ख्याल नगर्दा आफूहरुले आक्षेप खेप्नुपरेको पत्रकारहरुले बताएका थिए ।

मानव बेचबिखन तथा ओसारपसारबाट उद्दार गरिएकाहरुलाई दीगो व्यवस्थापन गर्न उनीहरुको आयआर्जन तथा सीप विकास गरी जीविका निर्वाहको आधार तय गर्न सकेमात्रै पुनर्स्थापनाको चरणमा टेवा पुग्ने भएकाले यसतर्फ ध्यान दिन पत्रकारहरुले सुझावसमेत दिएका छन् । कार्यक्रममा सेलर्डका फिल्ड प्रमुख जगन्नाथ सुवेदी, हेटौंडा उपमहानगरपालिकाकी महिला तथा बालबालिका शाखा प्रमुख विष्णुकुमारी लामिछाने र पत्रकार सरिता दाहालले सहजीकरण गरेका थिए । हेटौंडा उपमहानगरपालिकाले मंसिरयता मात्रै बालश्रमबाट ७ जना बालबालिकालाई परिवारमा पुन:स्थापना गरेको तर, उनीहरुमध्ये केही फेरि श्रममा फर्केको बताइन् ।

कार्यक्रममा सेलर्डका सुवेदीले मानव बेचविखनसम्बन्धी कानुनमा बेश्यावृत्तिको शब्द प्रयोग गरिनु हरेक व्यक्तिमा भएको आत्मसम्मानप्रति चोट पुऱ्याएको बताए । व्यक्तिको आत्मासम्मान र गोपनीयताको सवालमा सधैं ध्यान दिनुपर्ने उनले बताए । नेपालका बालगृहमा बालबालिकाहरु असुरक्षित हुने गरेको सहभागीहरुले बताए ।

यसैगरी, संचारिका समूह नेपालकी बागमती प्रदेश अध्यक्ष पत्रकार दाहालले मानव बेचविखन, ओसारपसार तथा बालबालिकाको अधिकार उल्लङ्घनका विषयमा पत्रकारहरुले समाचार सम्प्रेषण गर्दा पत्रकार आचारसंहिताभित्र रहेर प्रसारण, प्रकाशन गर्नुपर्ने, बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हीत प्रतिकूल नहुने गरी सूचना प्रकाशन गर्नुपर्ने बताइन् ।

# मनहरी र पदमपोखरीलाई निकुञ्जबाट हटाउन माग

साझाकुरा संवाददाता



हेटौंडा, ९ फागुन/ पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको हेटौंडा उपमहानगरपालिकाको पदमपोखरी र मनहरी गाउँपालिकाबासीले निकुञ्जबाट हटाउन माग गरेका छन् ।

निकुञ्जको जंगली हात्तीको आक्रमणका कारण मनहरीकी एक महिलाको मृत्यु भएपछि आक्रोशित स्थानीयहरुले निकुञ्ज क्षेत्रबाट हटाउन माग गरेका हुन् । निकुञ्जका जनावारहरुले मनहरी र पदमपोखरीका मानवबस्तीहरुमा निरन्तर आतङ्क मच्चाइरहेको भन्दै बिरोध जनाइरहेका छन् । मनहरी गाउँपालिका, हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १२, १३ र १४ लाई मानवबस्तीमा रुपान्तरण गर्न स्थानीयले माग गरेका हुन् । यहाँबाट निकुञ्ज हटाएर मानवबस्तीका रुपमा रुपान्तरण गर्न माग गरिएको हो । जंगली जनावरको आक्रमणबाट भएको मानवीय क्षतिको जिम्मा कसले लिने भन्दै निकुञ्जको नाममा जनधनको क्षति व्यहोर्नु पर्ने अवस्थाबाट मुक्ति चाहिएको स्थानीयको भनाइ छ ।

निकुञ्जकै कारण मानवीय क्षतिमात्र होइन विकासका कामसमेत रोकिएको स्थानीय कुमार पोखरेलले बताए । राज्यबाट विनियोजित विकास बजेट उपभोक्ता समितिबाट कार्य गर्दासमेत १ प्रतिशत कमिशन दिनुपर्ने र नदिए काम गर्न नदिने अवस्था रहेको पोखरेलले आरोप लगाए । जनप्रतिनिधिहरुले जुनसुकै निकायमा पहल गरेर भएपनि यस क्षेत्रबाट निकुञ्ज हटाई जिल्ला वन क्षेत्रमा समाहित गर्न पोखरेलले आग्रह गरे । हेटौंडा-१२ तल्लो र मन्टारमा खानेपानी आयोजनाको लागि बजेट निकासा भएर काम सुरु गर्न खोज्दा पर्सा वन्यजन्तु आरक्षले काम गर्न अनुमति नदिएको उनको गुनासो छ । जसकारण रमन्टार क्षेत्रका बासिन्दा खानेपानीको सुविधाबाट बञ्चित हुनु परेको उपभोक्ता समितिका अध्यक्षसमेत रहेका पोखरेलले दु:खेसो गरे ।

सोमबार हात्तीको आक्रमणबाट महिला घाइते भएपछि आक्रोशित स्थानीयको भीडले निकुञ्जको सेक्टर कार्यालयमै आगजनीसहित तोडफोड गरेका थिए । पर्सा राष्ट्रिय निकुञ्जको पदमपोखरी सेक्टर कार्यालयमा तोडफोड भएको थियो । मनहरी गाउँपालिकामा विगत एक हप्तादेखि हात्तीले आतङ्क मच्चाइरहेपछि स्थानीयले निकुञ्जलाई हात्ती नियन्त्रण गर्न आग्रह गरेपनि कुनै सुनुवाई नभएको भन्दै तोडफोडमा उत्रिएका थिए ।

आक्रोशित स्थानीयको भीडले कार्यालयको सवारीसाधनमा तोडफोड गर्नुका साथै प्रतिक्षालयमा आगजनी गरेका थिए । स्थानीयसमेत रहेका पत्रकार गणेशदर्पण अधिकारीले मान्छे जन्मिँदा र मर्दा माछा अनिवार्य चाहिने राई जातिले दुईवटा माछा माऱ्यो भने लगेर थुन्ने काम गरेको र घर बनाउन एक ट्रिप बालुवा ल्यायो भने १५ दिन लगेर ट्याक्टर थन्काइदिने गरेको बताए ।

पर्सा वन्यजस्तु आरक्षलाई सरकारले केही वर्षअघिमात्रै पर्सा राष्ट्रिय निकुन्ज बनाएको थियो । बागमती प्रदेशको चितवन, मकवानपुर र मधेश प्रदेशको बारा र पर्सा जिल्लाका केही भागहरु समेटेर पर्सा राष्ट्रिय निकुन्ज फैलिएको छ । जंगली हात्ती, पाटेबाघ, चितुवा, जरायो, घोडगधा, बँदेल, गौरीगाई आदि वन्यजस्तु र वनको संरक्षण गर्ने उद्देश्यले यो राष्ट्रिय निकुन्ज स्थापना गरिएको हो । उता, पर्सा राष्ट्रिय निकुञ्जका काउन्सिल अध्यक्ष सीताराम अर्यालले विकासको काममा निकुञ्जले अवरोध नगरेको बताए ।

# पूर्व कर्मचारी सेवा परिषद्को संयोजकमा पराजुली

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ पूर्वकर्मचारी सेवा परिषद् नेपालको बागमती प्रदेशको संयोजकमा तीर्थराज पराजुली चयन भएका छन् ।

हेटौंडामा भएको परिषद्को भेलाले पराजुलीको संयोजकत्वमा ११ सदस्यीय प्रदेश कमिटी चयन गरिएको हो । कमिटीमा उपाध्यक्ष श्यामप्रसाद सुबेदी, सचिव गोबिन्दप्रसाद प्याकुरेल, कोषाध्यक्ष अधिवक्ता ललिता श्रेष्ठ, सहसचिव बालमुकुन्द ढकाल चयन भएका छन् । त्यस्तै, सदस्यमा ईश्वर प्रसाद ढकाल, गिरिजाकुमारी खड्का, रामआधार पाण्डे, मधु मिश्र, बिष्णुप्रसाद पौडेल, केशवप्रसाद ढोडारी चयन भएका छन् । यसअघि पूर्बकर्मचारी सेवा परिषद् नेपालका अध्यक्ष बालकृष्ण प्रसाईको सभाध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रहितमा पूर्ब राष्ट्रसेवकहरुको ज्ञान, सीप र अनुभवको उपयोगसम्बन्धी अन्तर्क्रिया गरिएको थियो ।

अन्तर्क्रियामा परिषद्का केन्द्रीय अध्यक्ष प्रसाईं, उपाध्यक्ष रामबाबु नेपालले पूर्बराष्ट्रसेवकसँग भएको दक्षतालाई राज्यको बिभिन्न क्षेत्रमा प्रयोगमा ल्याउन सकिने बिषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा बागमती प्रदेशका मुख्य सचिव मुकुन्दप्रसाद निरौलाले केही कर्मचारीमा बसीखाने र बिगारीखाने प्रवृत्ति रहेकोले यसमा सुधार जरुरी रहेको बताए । मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले पूर्बराष्ट्रसेवकसँग भएका दक्षता र अनुभवलाई राज्यको आवश्यकता अनुसार पूरापुर सदुपयोग गर्न सकेको खण्डमा मुलुकले थप उपलब्धि हासिल गर्न सक्ने बताए ।

# 'हेटौंडा सिमेन्ट कपडा उद्योगको अवस्थामा पुग्नु हुँदैन'



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ बागमती प्रदेशमा श्रम, रोजगार तथा यातायात मन्त्री एकलाल श्रेष्ठले सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन् ।

उनले हेटौंडा औद्योगिक क्षेत्रभित्र अवशेषमात्रै बाँकी रहेको हेटौंडा कपडा उद्योगलाई सम्झिँदै चालू हालतको हेटौंडा सिमेन्टलाई कपडा उद्योगको अवस्थामा पुग्नु दिन नहुने बताएका छन् । समग्र उद्योग ट्रेड युनियन हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको १६ औं अधिवेशनलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले हेटौंडा सिमेन्टलाई निजी सिमेन्ट उद्योगहरुसँग प्रतिस्पर्धा गर्ने गरी अगाडि बढाउनु पर्नेमा जोड दिए । मन्त्री श्रेष्ठले सम्झिएको कपडा उद्योग वर्षौं अगाडि नै बन्द भइसकेको हो । हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेको कपडा उद्योगले स्थानीय करिब १ हजार जनालाई प्रत्यक्ष, अप्रत्यक्ष रोजगारी दिएको थियो ।

तत्कालीन सरकारको कमजोरीका कारण चिनियाँ प्रविधिको कपडा उद्योग बन्द हुन पुगेको थियो । मकवानपुरमा रहेका सरकारी स्वामित्वका उद्योगहरुमध्ये हेटौंडा सिमेन्ट हालसम्म पनि सञ्चालनमा छ । तर, हेटौंडा सिमेन्टलाई पूर्ण क्षमतमा सञ्चालन गर्न सरकारले सकेको छैन । पुराना प्रविधि र 'सरकारी काम कहिले जाला घाम' भन्ने उखानसँग मिल्दाजुल्दा काम गर्ने शैलीले हेटौंडा सिमेन्ट थप धराशायी बन्दै गइरहेको छ । जीर्ण अवस्थामा पुगेको हेटौंडा सिमेन्टलाई निजी सिमेन्ट उद्योगहरुसँग प्रतिस्पर्धा गर्नसक्ने गरी सञ्चालन गर्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिएका हुन् । उनले हेटौंडा सिमेन्ट उद्योगको अवस्था सुधार्न सबै पक्ष मिलेर काम गर्नुपर्ने बताए ।

'स्वर्णीम इतिहास बोकेको हेटौंडा सिमेन्ट उद्योगले हेटौंडा कपडा उद्योगको जस्तो अवस्था व्यहोर्न हुँदैन', मन्त्री श्रेष्ठले भने । हेटौंडा सिमेन्ट उद्योगमा रहेका समस्यालाई सुधार गर्दै उद्योललाई बजारमा आएका प्राईभेट उद्योगसँग प्रतिस्पर्धी गर्ने क्षमता बिस्तार गर्नुपर्ने उनको भनाइ छ । हेटौंडा सिमेन्ट जस्तो प्रतिष्ठित उद्योगको कारण हेटौंडलाई देशभर औद्योगिक नगर को रुपमा चिनिएको भन्दै उनले सिमेन्ट उद्योगलाई जोगाएर प्रतिस्पर्धी बनाउन प्रदेश सरकारले सहकार्य गरेर अघि बढने बताए ।

# चौघडा बचतले गऱ्यो सहकारी शिक्षा कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ चौघडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले एक दिने सहकारी शिक्षा कार्यक्रम गरेको छ ।

हेटौंडा-६ मा रहेको सहकारीले सहकारीको विषयमा शिक्षा दिने उद्देश्यले कार्यक्रम गरेको हो । कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष श्यामप्रसाद श्रेष्ठले नेपालमा सहकारीको विकास तथा सहकारीको महत्वबारे अवगत गराएका थिए भने जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरका पूर्वअध्यक्ष राधा स्याङ्तानले सहकारीमा बचतको महत्व, ऐनलगायत बारेमा सहजीकरण गरेकी थिइन् ।

कार्यक्रममा संस्थाका अध्यक्ष विजयकुमार श्रेष्ठ, उपाध्यक्ष त्रिविक्रम मानन्धर, सचिव अर्जुनप्रसाद हुमागाईं, सहसचिव ईश्वरकुमार बानियाँ, कोषाध्यक्ष सुभद्रा कोइराला, सञ्चालक समिति सदस्य बद्रीबहादुर राई, सञ्चालक समिति सदस्य पुष्पा जोशी, शिक्षा उपसमिति सदस्य दीपक थापालगायतको उपस्थिति थियो ।

सहकारी शिक्षा उपसमिति संयोजक रामचन्द्र अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा कर्मचारी र ३५ जना प्रशिक्षार्थीको सहभागिता थियो ।

# बागमती प्रदेशसभा बैठक बस्दै

हेटौंडा, ९ फागुन/ बागमती प्रदेशसभा बैठक आज बुधबार बस्दैछ ।

प्रदेशसभा सचिवालयले सोमबार सूचना जारी गर्दै आजको लागि संसद् बैठक बोलाएको हो । बैठक बुधबार दिउँसो २:१० बजे बस्नेछ । बैठकमा प्रदेश सरकारले जारी गरेको अध्यादेशहरुको प्रतिस्थापन विधेयकहरू पेश हुने सम्भावित कार्यसूची रहेको प्रदेशसभा सचिवालय बागमती प्रदेशका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिए । उनका अनुसार उक्त बैठकमा निजामती कर्मचारी सम्बन्धी २ वटा अध्यादेशको प्रतिस्थापन विधेयक संसद् बैठकमा पेश गरिनेछ ।


मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई जगाउन बनेको विधेयक पनि संसद्मा पेश गरिने उनले बताए । यसअघि राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ संशोधनसम्बन्धी अध्यादेश जारी गरेको थियो ।


## सामाजिक सञ्जाल प्रयोगमा सचेतना अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठ्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
## आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड




हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
## मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा
**अब प्रत्येक दिन**
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौडा सिटी हस्पिटलमा**
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।
थप जानकारीको लागि
## हेटौडा सिटी हस्पिटल प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना